# राप्ती गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : अङ्क : प्रकाशन मितिः २०८०/०५/३०

भाग २

## कृषि उपज सङ्कलन केन्द्र तथा कृषि एम्बुलेन्स सेवा व्यवस्थापन एवं सञ्चालन कार्यविधि- २०७९

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/०१/१२
पहिलो संशोधन मिति २०८०/०५/२४

**प्रस्तावना :**

जनताको जीविकोपार्जन, आयआर्जन एवं रोजगारीको मुख्य आधारको रुपमा रहेको कृषि क्षेत्रले बढ्दो जनसङख्याको लागि आवश्यक कृषि उपजहरुको उत्पादन बृद्धि गर्न र आयात प्रतिस्थापन गरी निर्यात बृद्धि गर्न बजारीकरण सेवालाई सरल, भरपर्दो र व्यवस्थित गर्न तथा कृषि एम्बुलेन्स सेवामा किसानहरुको पहुँच बढाई वस्तुको गुणस्तर बृद्धि गर्न राप्ती गाउँपालिकाद्वारा कृषि उपज सङ्कलन केन्द्र तथा कृषि एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७९ तयार गरिएको छ।

## परिच्छेद -१

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "कृषि उपज संकलन केन्द्र सहित कृषि एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाको बैठकबाट पारित गरेको मिति बाट तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "गाउँपालिका" भन्नाले राप्ती गाउँपालिकाकालाई सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले राप्ती गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले राप्ती गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राप्ती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "कृषि एम्बुलेन्स" भन्नाले कृषि जन्य उत्पादनलाई कृषि उपज संकलन केन्द्रबाट सम्बन्धित बजार क्षेत्रमा पुऱ्याउन स्वीकृति प्राप्त गरेको बाहन सम्झनुपर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण समेतलाई जनाउँछ ।

(च) "चालक" भन्नाले कृषि एम्बुलेन्स चलाउने चालक सम्झनुपर्छ ।

(छ) "अनुगमन समिति" भन्नाले दफा ६ बमोजिम समितिलाई सम्झनुपर्छ ।

(ज) "व्यवस्थापन तथा सञ्चालन समिति" भन्नाले दफा ८ बमोजिम समितिलाई सम्झनुपर्छ ।

(झ) "सेवा" भन्नाले कृषि एम्बुलेन्सले दिने ढुवानी सेवा सम्झनुपर्छ ।

(ञ) "कृषि उपज सङ्कलन केन्द्र" भन्नाले कृषि उपज सङ्कलन, खरिद र बिक्रीसम्बन्धी क्रियाकलाप गर्न यस कार्यविधि बमोजिम सञ्चालन गरिने स्थान वा परिसर सम्झनुपर्छ ।

(ट) "कोष" भन्नाले दफा ८ बमोजिमको समितिलाई प्राप्त नगद तथा जिन्सी सामान समेतलाई सम्झनुपर्दछ ।

(ठ) "बजार व्यवस्थापक" भन्नाले यस कार्यविधि बमोजिम तोकिएको बजार ब्यवस्थापक वा सदस्य सचिव सम्झनुपर्दछ ।

(ड) "सम्झौता" भन्नाले कृषि उपज सङ्कलन केन्द्र सञ्चालक (कृषक समूह वा कृषि सहकारी र गाउँपालिका बीच गरिने सम्झौता सम्झनुपर्छ ।

(ढ) "थोक" भन्नाले कृषि उपज सङ्कलन तथा व्यवस्थापन समितिले अनुसूची ६ बमोजिम खरिद परिमाणलाई जनाउँछ ।

(ण) "खुद्रा" भन्नाले कृषि उपज सङ्कलन तथा व्यवस्थापन समितिले अनुसूची ६ बमोजिम भन्दा कम खरिद परिमाणलाई जनाउँछ ।

(त) "नजिकको बजार" भन्नाले प्युठान, दाङ, कपिलबस्तु, रोल्पा, बाँके, रुपन्देहीका बजारहरुलाई जनाउनेछ ।

(थ) "कृषि उपज" भन्नाले अनुसूची ७ बमोजिमको वस्तुहरुलाई जनाउनेछ ।

३. **उद्देश्यहरु** : यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन् :

(क) व्यावसायिक रुपमा खेती गरेका कृषक वा कृषक समूह वा फार्म वा कृषि सहकारीले उत्पादन गरेको कृषिजन्य उपजलाई कृषि उपज सङ्कलन केन्द्र मार्फत खरिद गरी कृषि एम्बुलेन्सद्वारा बजारसम्म पुऱ्याउने,

(ख) बजारीकरणका लागि ढुवानी समस्या समाधान गर्ने र उत्पादन लागत घटाउने ।

(ग) बजारीकरणमा सहयोग गरी किसानहरुलाई कृषिजन्य उत्पादनमा प्रोत्साहन गर्ने ।

## परिच्छेद-२

**४. कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्थाः**

(क) राप्ती गाउँपालिकाले किसान सूचीकृत गर्नका लागि अनुसूची २ बमोजिमको ढाँचामा १५ दिने सूचना आह्वान गर्नेछ ।

(ख) कम्तिमा ३ कट्ठामा तरकारी उत्पादन गर्ने किसानहरु राप्ती गाउँपालिका कृषि विकास शाखामा आई सूचीकृत हुनुपर्नेछ ।

(ग) तरकारी उत्पादक कृषक समूहले तोकिएको थोक परिमाणमा उपलब्ध गराउन सकिनेछ भनी सिफारिस गरिएका कृषकहरु पनि सूचीकृतमा समावेश हुन सक्नेछन् ।

(घ) कृषि उपज सङ्कलन केन्द्र सञ्चालन गर्ने संस्था छनौटका लागि अनुसूची ३ बमोजिको ७ दिने सूचना आह्वान गरिनेछ ।

(ङ) उक्त अनुसूची ३ बमोजिमको सूचनामा इच्छुक तरकारी सङ्कलन तथा बिक्री गर्दै आइरहेको दर्तावाल व्यवसायी/कृषि फर्म/कृषक माथि (ङ) मा उल्लेखित आवेदकबाट प्रस्ताव नपरेमा वा सङ्कलन केन्द्र सञ्चालन गर्न उपयुक्त संस्था छनौट हुन नसक्ने लागेमा गाउँपालिकाले आफैले सङ्कलन केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(च) गाउँपालिकाले सञ्चालन गरेको अवस्थामा सूचीकृत कृषकहरुलाई उत्पादित कृषि उपज सङ्कलन केन्द्रमा बिक्री गर्नका लागि ७ दिने सूचना प्रसारण गर्नेछ ।

(छ) सङ्कलित तरकारी/फलफूलहरु गाउँपालिकाले आर्थिकरुपले उपयुक्त बजार खोजी बिक्री गर्नेछ ।

(ज) तरकारीको खरिद, बिक्री विवरण तथा बजार खोजी कार्य बजार व्यवस्थापकले गर्नुपर्नेछ ।

(झ) दैनिक नगद कारोबार गर्ने र नभएको अवस्थामा बजारको दीर्घकालीन समाधानका लागि खरिदकर्तासँग सम्झौता गरी बिक्री गर्ने र गाउँपालिकाले बाह्रै महिना नियमित उत्पादनका लागि कार्यक्रम सञ्चालन गर्ने ।

(ञ) कृषि कोष स्थापना गरी अनलाइन कारोबारको व्यवस्था मार्फत महिना- महिना (३० दिन) मा कृषकको खरिद भएको तरकारीको भुक्तानीको व्यवस्था मिलाउने ।

(ट) आवश्यकता अनुसार स्थानीय बजारमा तरकारी अभाव हुने सिजनमा स्रोत खोजी व्यवस्थापन गर्ने ।

(ठ) समूह/कृषि सहकारीले अनुसूची ४ बमोजिमको ढाँचामा आवश्यक कागजातसहित प्रस्ताव पेश गर्न सक्नेछन् ।

(ड) परेका प्रस्तावना दफा ६ बमोजिमको मूल्याङ्कन समितिले छनौट गर्नेछ ।

(ढ) अनुसूची ६ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गरी सेवा सञ्चालन गरिनेछ ।

**५. अनुदान तथा सेवा प्रवाहसम्बन्धी व्यवस्था :**

(क) कृषि विकास शाखामा सूचीकृत भएका गाउँपालिकाभित्रका व्यावसायिकरुपमा तरकारी उत्पादन गर्ने कृषकहरुले तरकारी कृषि सङ्कलन केन्द्रमा बिक्री वितरण गर्नुपर्नेछ । नगरेको खण्डमा राप्ती गाउँपालिका कृषि विकास शाखाबाट प्रदान हुने उत्पादनमा आधारित अनुदान सेवाबाट बञ्चित गरिनेछ ।

(ख) उत्पादित कृषि उपज (तरकारी) कृषि उपज सङ्कलन केन्द्रमा बिक्री गर्दा आगामी

वर्षदेखि राप्ती गाउँपालिका कृषि विकास शाखा मार्फत किसानहरुलाई उत्पादनमा आधारित अनुदान (प्रति के.जि. रु. ३ रुपैयाँका दरले) रकम उपलब्ध गराउन सकिनेछ।

(ग) कृषकले सङ्कलन केन्द्रसम्म पुऱ्याइए पश्चात् तरकारीको सम्पूर्ण जिम्मेवारी कृषि उपज सङ्कलन केन्द्र सञ्चालकको हुनेछ।

(घ) किसानले सङ्कलन केन्द्रमा पुऱ्याएको तरकारी उत्पादन मूल्य निर्धारण समितिले तोकेको मूल्यमा खरिद बिक्री गरिनेछ। हरेक ३० दिनमा किसानको रकम नगद वा चेक मार्फत स्वयम् किसानलाई उपलब्ध गराउनुपर्नेछ। साथै सङ्कलन केन्द्रदेखि बजारसम्म पुऱ्याउँदा विविध कारणले हुने तरकारीको तौलह्रास यसै नाफाबाट पूर्ति गरिनेछ।

(ङ) कृषि उपज एम्बुलेन्स मार्फत् बजार पुऱ्याउँदा कुनै प्राकृतिक क्षति भएमा ढुवानी निःशुल्क र कृषि उपजको निर्धारित मूल्यलाई आधार मानी गाउँपालिकाले ५०% राहत उपलब्ध गराउनेछ।

**६. कृषि एम्बुलेन्स सेवा सञ्चालन तथा कृषि उपज सङ्कलन केन्द्रको अनुगमन स्वं मूल्याङ्कन समिति :**

(१) गाउँपालिका मार्फत् सञ्चालन गरिएको कृषि एम्बुलेन्स सेवाको गुणस्तर सुनिश्चितता गर्नका लागि गाउँपालिकास्तरीय देहायका पदाधिकारीहरु रहने गरी कृषि एम्बुलेन्स सेवा सञ्चालन तथा कृषि उपज सङ्कलन केन्द्र अनुगमन समिति रहनेछ।

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
(ङ) आर्थिक विकास शाखा प्रमुख - सदस्य
(च) कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

(२) दफा (६) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) कृषि एम्बुलेन्स सेवा प्रभावकारी तवरले सञ्चालन गर्नका लागि आवश्यक नीति, मापदण्डको निर्माणमा समन्वय र सहकार्य गर्ने।

(ख) दफा ८ बमोजिम गठित समितिलाई आवश्यक निर्देशन दिने र सोही बमोजिम कार्य भए, नभएको अनुगमन गर्ने।

(ग) दफा ८ बमोजिमको समितिले प्रभावकारी सेवा प्रदान नगरेमा सो समितिका पदाधिकारी हेरफेर वा खारेज गरी पुनः गठन गर्ने।

(घ) कृषि एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनमा सहजीकरण गर्ने।

(ङ) कृषि उपज सङ्कलन केन्द्रको सरसफाई र फोहर व्यवस्थापन गर्नमा सहयोग गर्ने।

(च) कृषि उपज सङ्कलन केन्द्रको काम उचित कानुन बमोजिम नपाइएको खण्डमा उचित कारवाही गर्ने।

(छ) गाउँपालिका, वडा कार्यालय, कृषि विकास शाखा, कृषि ज्ञान केन्द्र, पशु सेवा विज्ञ केन्द्र लगायत सामाजिक सङ्घ संस्था तथा सम्बन्धित मन्त्रालय तथा दातृ निकायहरुसँग सहयोग समन्वय र सहकार्य गराउने।

(ज) कृषि वस्तुहरुको उत्पादनका क्रममा प्रयोग हुने वा भएका बिषादी वा अन्य रसायनहरुको अवशेष बजारमा ल्याइएको उपजहरुमा छ/छैन भनी परीक्षण गर्न बेलाबखतमा आवश्यकता अनुसार सम्बन्धित निकाय (गाउँपालिका) सँग समन्वय गर्ने र सो को नतिजाअनुसार आवश्यक कार्य गर्ने र किसानहरुलाई आर्गनिक खेती गर्न प्रोत्साहन गर्नेछ ।

(ट) प्रमाणिक नापतौल प्रणाली (Standard weight and measuring system) तथा आधिकारिक निकायबाट प्रमाणित स्वीकृत नापतौल विपरीत कार्य गरेको पाइएमा सामग्री उपकरण जफत गरी आवश्यक कारवाहीको लागि पहल गर्ने ।

**६. कर्मचारी व्यवस्थापन :**

(१) राप्ती गाउँपालिकाको करार जनशक्ति व्यवस्थापन कार्यविधि २०७७ बमोजिम हुनेछ ।

(२) राप्ती गाउँपालिकाले बजार व्यावस्थापक र चालकको व्यवस्थापन गर्नुपर्नेछ ।

(३) चालकले कृषि उपज ढुवानी गर्दा कृषि एम्बुलेन्सको लगबुक विवरण तयार गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(४) कर्मचारीले प्राप्त गर्ने सेवा सुविधा आपसी समझदारीमा नाफा प्रतिशतका आधारमा गरिनेछ ।

**७. कृषि एम्बुलेन्स व्यवस्थापन**

(क) राप्ती गाउँपालिकाले कृषि उपजको बजारीकरणका लागि एम्बुलेन्सको व्यवस्था गर्नेछ ।

(ख) कृषि एम्बुलेन्स राप्ती गाउँपालिकाको निगरानीमा रहनेछ ।

(ग) कृषि एम्बुलेन्स संचालनका लागि आवश्यक इन्धन वापतको खर्च (स्थानीय दररेट अनुसार) को आधा (५०%) रकम स्वयं संचालकले व्यहोर्नुपर्नेछ भने रु २०,००० (अक्षरुपी बीस हजार) भन्दा सानो मर्मत संभारको जिम्मा स्वंय संचालकको र रु. २०,००० (बिस हजारभन्दा माथिको मर्मत संभारको जिम्मा गाउँपालिकाको हुनेछ ।

(घ) गाउँपालिकाले कृषि उपज सङ्कलन केन्द्र सञ्चालन गरेमा माथि (ग) अनुसारको इन्धन तथा मर्मत सम्पूर्ण व्यवस्थापन आफै गर्नेछ ।

**८. कृषि उपज सङ्कलन केन्द्र मूल्य निर्धारण तथा सञ्चालन समिति :**

(१) एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित बनाई कृषि उपज सङ्कलन केन्द्र सञ्चालनका लागि छनौट भएका संस्थाले राप्ती गाउँपालिकासँग सम्झौता गरी सञ्चालकको प्रतिनिधित्व हुने गरी देहाय बमोजिम ७ सदस्यीय कृषि सङ्कलन केन्द्र मूल्य निर्धारण तथा संचालन समिति गठन गर्नुपर्नेछ ।

| | |
|---|---|
| अध्यक्ष | कार्यपालिकाले छनौट गरेको वडाअध्यक्ष मध्यवाट कृषिमा अनुभवी प्रतिनिधि |
| सदस्य | राप्ती गाउँपालिकाको कृषक समन्वय समितिको अध्यक्ष वा प्रतिनिधि |
| सदस्य | सङ्कलन केन्द्रमा नियमित कारोबार गर्ने अगुवा कृषकमध्ये एक जना |
| सदस्य | आर्थिक विकास शाखा प्रमुख |
| सदस्य | आर्थिक विकास समितिको पदाधिकारीमध्ये- १ जना |
| सदस्य | उद्योग वाणीज्य संघको प्रतिनिधि |
| सदस्य सचिव | कृषि विकास शाखा प्रमुख |

(२) उक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सङ्कलन केन्द्रको सरसफाइ, संरचनाको संरक्षण/मर्मत संभार गर्ने तथा सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थितरुपमा सञ्चालन गर्ने गराउने ।

(ख) सङ्कलन भएको तरकारीलाई बजारसम्म पुऱ्याउन राप्ती गाउँपालिका स्टोर शाखामा जानकारी गराई कृषि एम्बुलेन्स प्रयोग गर्ने ।

(ग) व्यवसायिक किसानसँग प्रत्यक्षरुपमा समन्वय र सहकार्य गर्ने ।

(घ) सङ्कलन केन्द्र सञ्चालन गर्ने संस्थाले अधिकतम मुनाफाका लागि कुनै पनि बजारमा बेच्न सक्नेछ । साथै लोड, अनलोड र बिक्रीको जिम्मा सञ्चालकको हुनेछ ।

(ङ) सङ्कलन केन्द्रको विकास, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्य योजना बनाई लागु गर्ने ।

(छ) नजिकका (लमही, घोराही र भालुवाङ) कम्तिमा ३ वटा कृषि बजारहरुको मूल्यलाई आधार मानी कम्तिमा एक हप्ता (७ दिन) र बढीमा १५ दिनको लागि बजार मूल्य (खरिद तथा बिक्रीको थोक तथा खुद्रामा) निर्धारण गर्ने ।

(ज) कृषि सङ्कलन केन्द्र सञ्चालनसम्बन्धी कुनै समस्या उत्पन्न भएमा सोको समाधान गर्ने ।

(ठ) संस्था/फर्मबाट सङ्कलन केन्द्र सञ्चालन नगरी गाउँपालिका आफैले गरेको अवस्थामा संस्थाले गर्ने कार्यको जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(ड) कृषि उपजको अनुसूची ७ अनुसारको बिक्री परिमाण नहुने कृषकहरुका लागि हप्ताको शुक्रवार र सोमवार सङ्कलन केन्द्रमा कृषि तथा पशु उत्पादन बिक्री वितरणका लागि हाट बजार सञ्चालन गर्ने ।

(ढ) हाट बजारमा स्टल बुक गरी तरकारीको कारोबार गर्ने किसानले आफूले गरेको फोहोर आफै सफा गर्नुपर्नेछ ।

## परिच्छेद-३
## आर्थिक तथा प्रशासनिक व्यवस्था

**(१) आर्थिक व्यवस्थापन :**

(क) कृषि व्यवसाय ऐन २०७९ (राप्ती गाउँपालिका) अनुसार छुट्टै कृषि कोषको व्यवस्थापन गरी नियमानुसार सञ्चालनमा ल्याइनेछ ।

(ख) यो कोष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी सङ्घ संस्था र तरकारी कारोवारबाट जम्मा रकम रहनेछ ।

(ग) सञ्चालकले आर्थिक कार्य गर्दा गराउँदा नेपाल सरकारको प्रचलित ऐन, कानुन वा नियमानुसार हुनेछ ।

(घ) सञ्चालकको वार्षिक आय व्यायको लेखाजोखा प्रत्येक वर्षको श्रावण मसान्तसम्ममा सक्नुपर्नेछ र सोको विवरण गाउँपालिकामा पेश गर्नुपर्नेछ । सहकारी मार्फत सञ्चालन भएका सङ्कलन केन्द्रको हकमा वार्षिक आयव्यय विवरण सहकारीको मुख्य लेखा परीक्षण प्रतिवेदनमा स्पष्ट खुलाउनुपर्नेछ ।

(ङ) गाउँपालिकाले सङ्कलन केन्द्र सञ्चालन गरेको अवस्थामा बिक्रीवाट हुने आम्दानी तथा कृषकलाई दिइने भुक्तानीका लागि कृषि कोष प्रयोग हुने ।

**(२) कृषि उपज सङ्कलन केन्द्रको खर्च व्यवस्थापन :**

(क) सङ्कलन केन्द्र नियमित सञ्चालन गर्न आवश्यक खर्चहरु (जस्तै कर्मचारी तलब सुविधा, भत्ता, बिजुली, पानी, टेलिफोन, इन्टरनेट, यातायात, मसलन्द तथा अन्य भैपरी खर्च आदि) तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने खर्च संस्था/गाउँपालिकाको नाफा मार्फत व्यहोर्नुपर्नेछ।

**४. विविधः**

(क) अनुसूचीहरु आवश्यकता अनुसार परिवर्तन गर्न सकिनेछ।

(ख) यस कार्याविधि आवश्यकताअनुसार संशोधन र हेरफेर : दफा ६ बमोजिम गठित समितिको सिफारिसमा कार्यपालिकाले गर्न सक्नेछ।

(ग) अटो पार्किङ गरेवापतको रकम गाउँपालिकाको आम्दानीसँग बाँधिनेछ भने शौचालय प्रयोग गरेवापतको शुल्क स्थान उपलब्ध गराउने सम्बन्धित धनीको हुनेछ।

(घ) जिम्मेवारी प्राप्त व्यक्ति, संस्थाले सम्झौताअनुसारको रकम प्राप्त गर्ने।

(ङ) पहिलो वर्ष कृषि उपजमध्येबाट तरकारी बाली सङ्कलन, बजारीकरण तथा उत्पादनमा आधारित अनुदान उपलब्ध गराइनेछ र विस्तारै अन्य वर्षहरुमा बाली थप हुँदै जानेछ।

## अनुसूची १
### (दफा ६ को उपदफा (२) सँग सम्बन्धित)
### कृषि एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता

१. कृषि उपज सङ्कलन केन्द्र तथा कृषि एम्बुलेन्स सेवा व्यवस्थापन एवं सञ्चालन निर्देशिका, २०७९ लाई पूर्णरुपमा पालना गर्नुपर्नेछ ।
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मानमर्यादामा खलल पुग्ने किसिमको कुनै पनि कार्य गर्न पाइने छैन ।
३. धुम्रपान तथा मादक पदार्थ सेवन गरी कृषि एम्बुलेन्स चलाउन पाइने छैन ।
४. कृषि जन्य बस्तुहरु ओसारपसार गर्ने क्रममा सम्बन्धित किसान तथा किसानको परिवारलाई सधैँ सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्नेछ ।
५. कुनै पनि किसानको कृषिजन्य वस्तु ओसारपसार गर्नु अघि निजको बारेमा पर्याप्त जानकारी लिई के कति मात्रामा ओसारपसार गरियो, त्यसको सम्पूर्ण विवरण सुरक्षित राख्नुपर्नेछ ।
६. कृषिजन्य वस्तुलाई बीच बाटोमा नछाडी गन्तव्यमा पुऱ्याउनुपर्नेछ ।
७. लगबुक नियमितरुपमा तोकिएको पदाधिकारीबाट प्रमाणित तथा स्वीकृत गराउनुपर्नेछ ।
८. नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरु ओसारपसार गर्न पाइने छैन ।
९. समय-समयमा समितिले दिएका निर्देशनको पूर्णरुपमा पालना गर्नुपर्नेछ ।
१०. कृषि एम्बुलेन्स चालकले कृषि एम्बुलेन्सको प्रयोग निजी तथा व्यापारिक प्रयोजनमा गर्न पाइने छैन ।
१०. माथि उल्लेख हुन छुट भएका विषयका सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

म ...................... नाम ...................... ठेगाना ...................... ना.प्र.प.न...................... जिल्ला, सवारी चालक अनुमति नं. ................................ माथि उल्लिखित आचारसंहिता अध्ययन गरेको छु । राप्ती गाउँपालिकाद्वारा सञ्चालित, कृषि एम्बुलेन्स सेवा मूल्य निर्धारण तथा सञ्चालन समिति, राप्ती गाउँपालिकाको मातहतमा रही एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्णरुपमा पालन गर्न सहमति जनाई हस्ताक्षर गरेको छु ।

**चालकको**
दस्तखत :
नाम, थर :
मिति :

**रोहबरमा प्रमाणित गर्ने पदाधिकारीको**
दस्तखत :
नाम थर :
मिति :

**अनुसूची २**

**दफा ४ को उपदफा (क) सँग सम्बन्धित**

मिति : २० / /

**तरकारी खेती गर्ने किसान सूचीकृत सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा राप्ती गाउँपालिकाभित्रका कम्तिमा ३ कट्ठा क्षेत्रफलमा तरकारी उत्पादन गर्ने इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुले तपसिल अनुसारको आवश्यक कागजातसहित मिति २० / / गतेभित्र राप्ती गाउँपालिकाको कृषि विकास शाखामा खेती गर्ने जग्गाको क्षेत्रफल खुल्ने गरी निवेदन पेश गर्नुहुन सबैमा जानकारी गराइन्छ ।

**तपसिल**

१. अनुसूची ५ बमोजिमको ढाचाँमा निवेदन
२. नागरिकताको प्रतिलिपि
३. जग्गाको लालपुर्जा प्रतिलिपि वा करार सम्झौतापत्र वा ऐलानी जग्गाको हकमा वडाको सिफारिस
४. संस्था दर्ता भएको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि

समूह संस्था फर्मको नाम :
टोलसहितको ठेगाना :
सम्पर्क व्यक्तिको नाम :
फोन नं :

**अनुसूची ३**
**दफा ४ को उपदफा (ग) सगँ सम्बन्धित**

मिति : २० / /

**कृषि उपज सङ्कलन केन्द्र सहित कृषि एम्बुलेन्स सञ्चालन सम्बन्धी सूचना**

प्रस्तुत विषयमा राप्ती गाउँपालिका कृषि विकास शाखाको आ.व. २० ...................... अन्तर्गतको सिसहनिया बाजरमा सङ्कलन केन्द्रसहित कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रम रहेकाले कृषि उपज सङ्कलन केन्द्र सञ्चालन गर्न इच्छुक तरकारी सङ्कलन तथा बिक्री गर्दै आइरहेको दर्तावाल व्यवसायी/कृषि फर्म/कृषक समूह/कृषि सहकारीले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तपसिल बमोजिमको आवश्यक कागजातसहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**तपसिल**

१) अनुसूची ४ बमोजिमको ढाँचामा निवेदन,
२) आधिकारिक निकायमा दर्ता नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
३) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
४) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
५) सम्बन्धित वडा कार्यालयको सिफारिस,
६) विगत ३ वर्षदेखि कुनै पनि निकायबाट ढुवानी साधन कृषि कर्मको लागि अनुदानमा प्राप्त नगरेको व्यहोराको स्वघोषणापत्र ।

**अनुसूची ४**
**दफा ४ को उपदफा (घ) सँग सम्बन्धित**

मिति :

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**राप्ती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मसुरिया देउखुरी, दाङ ।**

**विषय : प्रस्ताव पेश सम्बन्धमा ।**

प्रस्तुत विषयमा राप्ती गाउँपालिका कृषि विकास शाखाको मिति ...................... गते प्रकाशित सूचना बमोजिम मेरो/हाम्रो ...................................... इच्छुक तरकारी सङकलन तथा बिक्री गर्दै आइरहेको दर्तावाल व्यवसायी/कृषि फर्म/कृषक समूह/कृषि सहकारीले राप्ती गाउँपालिकामा दर्ता भई वडा नं. मा ............................. .................... सञ्चालन गर्दै आइरहेकोले उक्त कार्यक्रममा सहभागीका लागि तपसिल बमोजिमको कागजातसहित यो निवेदन पेश गरेको छु/छौं ।

**तपसिल**

१) अनुसूची ४ बमोजिमको ढाँचामा निवेदन,
२) आधिकारिक निकायमा दर्ता नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
३) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
४) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
५) सम्बन्धित वडा कार्यालयको सिफारिस,
६) विगत ३ वर्षदेखि कुनै पनि निकायबाट ढुवानी साधन कृषि कर्मको लागि अनुदानमा प्राप्त नगरेको व्यहोराको स्वघोषणापत्र ।

**निवेदक**
नाम थर :
टोलसहितको ठेगाना :
फोन नं. :

**अनुसूची ५**
**दफा ४ को उपदफा (ख) सँग सम्बन्धित**

मिति : ……………………

**श्री कृषि शाखा प्रमुखज्यू**
**राप्ती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मसुरिया देउखुरी, दाङ।**

**विषय : प्रस्ताव पेश सम्बन्धमा।**

प्रस्तुत विषयमा राप्ती गाउँपालिका कृषि विकास शाखाको मिति ……………… गते प्रकाशित सूचना बमोजिम म/हामी ………………………………… इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीले वडा नं. …….. मा …………………… कठ्ठा क्षेत्रफलमा तरकारी खेती गर्दै आइरहेकोले कृषि उपज सङ्कलन केन्द्रमा उत्पादित तरकारीहरु बिक्रीका लागि सूचीकृत गरिदिनुहुन तपसिल बमोजिमको कागजातसहित यो निवेदन पेश गरेको छु/छौं।

**तपसिल**

१) अनुसूची ५ बमोजिमको ढाँचामा निवेदन,
२) नागरिकताको प्रतिलिपि,
३) जग्गाको लालपुर्जा प्रतिलिपि वा करार सम्झौतापत्र वा ऐलानी जग्गाको हकमा वडाको सिफारिस,
४) संस्था दर्ता भएको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि,

**निवेदक**
नाम थर :
टोलसहितको ठेगाना :
फोन नं. :

**अनुसूची ६**

**दफा ४ को उपदफा (ङ) सगँ सम्बन्धित**

**सम्झौतापत्र**

आर्थिक वर्ष ................./ ........... मा सञ्चालन हुने .................................. कार्यक्रमको लागि ............................................. राप्ती गाउँपालिका (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका इच्छुक तरकारी सङ्कलन तथा बिक्री गर्दै आइरहेको दर्तावाल व्यवसायी/कृषि फर्म/कृषक समूह/कृषि सहकारीले ................................. (यसपछि दोस्रो पक्ष भनिने) बीच मिति २० ............/........ /.......... गते तपसिल अनुसारको शर्तनामाको अधिनमा रही कार्यक्रम सञ्चालन गर्ने सम्झौता गरिदियौं/लियौं ।

१) यो सम्झौता, सम्झौता भएको मितिदेखि लागु हुनेछ ।

२) यस सम्झौता पश्चात दोस्रो पक्षले १५ दिनभित्र दफा ८ बमोजिमको कृषि उपज सङ्कलन केन्द्र मूल्य निर्धारण तथा सञ्चालन समिति गठन गरी कार्य शुरु गर्नुपर्नेछ ।

३) दोस्रो पक्षले किसानसँग किनेको तरकारी बजारको निर्धारित मूल्य दरले हरेक ३० दिनमा एकमुष्ट स्वयं किसानलाई चेक मार्फत बुझाउनुपर्नछ ।

४) सङ्कलन केन्द्रको वरिपरि सरसफाई, पुर्वाधारको रेखदेख तथा मर्मतको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

५) कृषकहरुको तरकारी संकलन केन्द्रसम्म पुराए पश्चातको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

६) दोस्रो पक्षले दफा ६ बमोजिमक राप्ती गाउँपालिकाको  जिन्सी शाखालाई जानकारी दिए पश्चात कृषि एम्बुलेन्सको प्रयोग गर्न पाइनेछ ।

७) प्रथम पक्षले कुनै पनि बगत सम्झौता भए अनुसारको काम भए /नभएको अनुगमन गरी आवश्यक सल्लाह सुझाव दिने तथा कारवाही समेत गर्न सक्नेछ ।

८) दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम उल्लेख गरी सबैले देख्ने स्थानमा होर्डिङ बोर्ड राख्नुपर्नेछ ।

९) दोस्रो पक्षले चौमासिक वा वार्षिक कारोबार सम्बन्धी विवरण नियमितरुपमा प्रथम पक्षलाई आवश्यकता अनुसार उपलब्ध गराउनुपर्नेछ ।

१०) यस बाहेकका अन्य कुराहरु कृषि उपज सङ्कलन केन्द्रसहितको कषि एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७९ बमोजिम हुनेछ भने उक्त कार्यविधिमा उल्लेख हुन छुटेका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसूची ७
### परिच्छेद २ को दफा ४ को २ सँग सम्बन्धित
### सङकलन हुने कृषि उपजहरुको थोक परिमाणसम्बन्धी गरिएको व्यवस्था

| क.सं. | कृषि उपजहरु | परिमाण (किलो) | कैफियत |
|---|---|---|---|
| १ | अदुवा, बेसार, प्याज, काउली, बन्दा, मुला, मेवा, आँप, कटहर, ब्रोकाउली र आलु | ५० | |
| २ | फर्सी, लौका, गाँठगोभी, रायो/चाइनिज साग, काँक्रा, भिन्डी, पिँडालु, भाण्टा, स्कुस | २० | |
| ३ | सिमी, बोडी, फर्सीको मुन्टा, तोरी/परवल, च्याउ, करेला, चिचिन्डा, घिरौला/तोराइ, भेडे खुर्सानी, हरियो मटर, प्याज, लसुन र कुन्दुक | १५ | |
| ४ | खुर्सानी (हरियो /सुकेको) ,धनिया (पात दाना), गाजर, सम्धिनी साग, चुकन्दर, कागती, मेथी/चम्सुर/सम्फू, सलगम र कुरिलो | १० | |
| ५ | केरा (दर्जन) | १० | |

## अनुसूची ८
### परिच्छेद २ को दफा ४ को (च) सँग सम्बन्धित

### मूल्याङ्कन समितिले छनौटसम्बन्धी मापदण्ड

१. समूह सहकारीमा संलग्न कृषकहरुको संख्या : २० अंक
२. संस्थाको नवीकरण, अडिट समयमै भए/नभएको : २० अंक
३. सहकारीमा पूँजी सङ्कलनको अवस्था : २० अंक
४. कृषि उपज बजारीकरणसम्बन्धी अनुभव : १५ अंक
५. पूर्वाधार तथा जनशीक्तको व्यवस्था : १५ अंक
६. कृषि उपज सङ्कलन केन्द्रदेखिको दूरी : १० अंक

आज्ञाले
नेवबहादुर वली
प्रमुख प्रशासकीय अधिकृत